ef/t e|d0f ;s]/ kmls{Og\ k//fi6«dGqL /f0f

# कूटनीतिक सम्बन्ध विस्तारमा फलदायी भएको दाबी




■ **सौर्य समाचार**

काठमाडौँ । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आफ्नो यस पटकको भारत भ्रमण कूटनीतिक सम्बन्ध विस्तारका लागि फलदायी भएको बताएकी छिन् । भारतको विदेश मन्त्रालयले राजधानी नयाँ दिल्लीमा यही मार्च १७ देखि २० सम्म आयोजना गरेको राइसिना डायलगमा सहभागी भएर शुक्रबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग उनले सो जानकारी दिइन् ।

उनले भनिन् 'यो भ्रमणका क्रममा भारतका विदेशमन्त्री डा. एस जयशंकर र अन्य देशका समकक्षीहरूसँग भेटवार्ता भयो र राइसिना डायलगमा पनि सम्बोधन भयो । त्यसैगरी भारतबाट नेपालले खरिद गर्ने विद्युत् पनि निरन्तरताका लागि पहल गरेँ । त्यसैले नेपालको कूटनीतिक सम्बन्ध विस्तारमा यो भ्रमण फलदायी रह्यो ।' उनले यस भ्रमणका क्रममा भारतका विदेशमन्त्रीका अतिरिक्त मोल्दोभाका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, जर्जीया, युक्रेन र फिलिपिन्सका परराष्ट्र मन्त्रीहरू तथा संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा परिषद्का वरिष्ठ निर्देशकसँग पनि छुट्टाछुट्टै भेटवार्ता गरेकी थिइन् ।

मन्त्री डा. राणाले भनिन्, 'भारतमा रहँदा मैले हाल नेपालमा देखिएको विद्युत् अभावको समाधानको लागि पनि कूटनीतिक प्रयास गरेँ । यसमा खासगरी नेपाल र भारतबीच रहेको विद्यमान द्विपक्षीय सम्झौताअनुसार नै इन्डियन इनर्जी एक्सचेञ्जमार्फत नेपालमा आपूर्ति हुने विद्युत्को परिमाणमा वृद्धि गर्न अनुरोध गरेकी छु ।'

उनले अमेरिकाका राष्ट्रिय सुरक्षा परिषद्का वरिष्ठ निर्देशक रिक्की गिलसँग भएको भेटमा अमेरिकाले नेपाललाई दिँदै आएको आवश्यक सहयोगको निरन्तरता तथा हमासले बन्धक बनाएका नेपाली नागरिक विपिन जोशीको सकुशल रिहाइका लागि सहजीकरण गर्न आग्रह गरेको जानकारी दिइन् । त्यसैगरी युक्रेनी समकक्षीसँगको भेटमा यूक्रेनमा यद्धबन्दीको रूपमा रहेका ७ जना नेपालीको रिहाइका लागि आग्रह गरेको जानकारी मन्त्री डा. राणाले दिइन् ।

पत्रकारका एक प्रश्नमा उनले भारत नेपालमा सदैव प्रजातान्त्रिक प्रणालीमा नै विश्वास गर्ने स्पष्ट गरेकी थिइन् । नेपालमा हालै भएका केही राजनीतिक घटनाक्रमबारे गरिएको प्रश्नमा उनको जवाफ थियो, 'यस विषयमा त भारतमा कुनै कुरा भएन, तर पनि हामीले देखिरहेकै छौँ कि भारत नेपालमा प्रजातान्त्रिक प्रणाली नै चाहन्छ ।'

# आजदेखि 'प्रथम राष्ट्रिय पानी सम्मेलन'



■ **सौर्य समाचार**

काठमाडौँ । जल तथा ऊर्जा आयोगको सचिवालय र राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघको आयोजनामा आजदेखि 'प्रथम राष्ट्रिय पानी सम्मेलन' सुरु हुँदैछ । जल सम्बद्ध संघसंस्थाको सहकार्यमा हुन लागेका उक्त सम्मेलन शनिबारदेखि आइतबारसम्म (चैत ९ र १० गते) सञ्चालन हुनेछ ।

आयोगका सचिव मधुप्रसाद भेटुवालले सरकारले पानीलाई उच्च प्राथमिकतामा राखेर विभिन्न गुरुयोजना निर्माण गरिरहेको बताए । उनले बढीभन्दा बढी जनताले लाभ पाउने गरी मन्त्रालयले पानीका क्षेत्रमा योजना बनाइरहेको बताए । सचिव भेटुवालले नेपालका २१ वटा हिमताल विस्फोटको जोखिममा रहेको भन्दै ती हिमताललाई संरक्षण गर्न आयोग लागिरहेको जानकारी दिए । उनले पानीको उचित प्रयोगका लागि राष्ट्रिय जलस्रोत नीति, २०७७ ल्याइएको र जलस्रोत विधेयक संसद्मा विचाराधीन अवस्थामा रहेको उल्लेख गरे ।

राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघका अध्यक्ष शम्भुप्रसाद दुलालले पानीसम्बन्धी सरकारका नीति तथा कार्यक्रमलाई व्यवस्थित बनाएर पानीको उपयोगका लागि महासंघले काम गर्दै आएको बताए । उनले नेपालको हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव पर्दा हिमतालहरू विस्फोटबाट क्षति हुने गरेको भन्दै यसको व्यावहारिक समाधानका लागि यस्ता सम्मेलनले सहयोग पुग्ने बताए । जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्वमा नेपालमा २०६५ सालदेखि जल तथा मौसम सप्ताह मनाउँदै आए पनि यो वर्षदेखि 'नेपाल राष्ट्रिय हिमनदी जल तथा मौसम सप्ताहक' मनाउन लागिएको हो ।


**सभापोखरी हाइड्रोपावर लिमिटेडको**

**आ.व. २०८०।८१ को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।०९)*

**श्री शेयरधनी महानुभावहरु,**

यस **सभापोखरी हाइड्रोपावर लिमिटेडको** सञ्चालक समितिको मिति २०८१।१२।०१ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८०।८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८१।१२।३० समय :- वेलुका ४ वजे ।

स्थान :- कम्पनीको रजिष्ट्रार कार्यालय, वनस्थली, काठमाडौं ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८०।८१को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०।८१ को नाफा-नोक्सान, आय-व्यय विवरण, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने ।

३) आ.व. २०८१।८२ को लागि लेखापरीक्षक नियूक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) प्रबन्ध संचालकको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धमा ।

५) संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धमा ।

६) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा प्रचलित कानुनको अधिनमा रही (IPO) निष्काशन गर्ने प्रकृया अगाडी बढाउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने साथै सो सम्वन्धमा नियमनकारी निकायबाट प्रबन्धपत्र, नियमावलीमा कुनै संसोधन गर्न वा अन्य कुनै निर्देशन प्राप्त भएमा सो सम्वन्धी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, वनस्थली, काठमाडौमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


# रिपेयरिङ सेन्टरको आडमा चोरीका मोबाइल बिक्री

## २७१ वटा चोरीका मोबाइलसहित ७ जना पक्राउ

■ **सौर्य समाचार**



काठमाडौँ । प्रहरीले काठमाडौँमा मोबाइल चोरीमा संलग्न रहेका ७ जना आरोपीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले बिहीबार साँझ ६ बजेतिर ठिमीबाट कोटेश्वर आउँदै गरेको सार्वजनिक बसमा सवार यात्रुको साथमा रहेको मोबाइल चोरी भएपछि अनुसन्धान गर्दा थप व्यक्ति र सामानसमेत बरामद गरेको हो ।

कोटेश्वरचोक नजिकबाट पाकेट मारी भागेको सूचनाका आधारमा खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो । प्रारम्भिक अनुसन्धान गर्दा उनीहरूले चोरी गरेका मोबाइल भक्तपुर जगातीस्थित सरोज मोबाइल रिपेयरिङ सेन्टरमा बेच्ने गरेको खुलेको प्रहरीको भनाइ छ ।

मोबाइल रिपेयरिङ सेन्टरमा खानतलासी गर्दा लुकाएर राखेको अवस्थामा विभिन्न कम्पनीका मोबाइल २७१, ट्याब ९ र ल्यापटप १५ वटा बरामद गरेको काठमाडौँ प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले बताए । प्रहरीले रिपेयरिङ सेन्टरका सञ्चालकसहित ७ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काभ्रेको बेथानचोक गाउँपालिका ५ घर भई ललितपुर सानागाउँ बस्ने ३५ वर्षका प्रमोद परियार, काभ्रेको खानीखोला गाउँपालिका ५ स्थायी घर भई हाल भक्तपुर ठिमी बस्ने २६ वर्षका गुनराज न्यौपाने, रौतहट, चन्द्रनिगाहपुर नगरपालिका १ स्थायी घर भई हाल भक्तपुर ठिमी बस्ने ३० वर्षका हेमन्त राना मगर, दोलखाको सैलुङ गाउँपालिकाक ६ स्थायी घर भई हाल भक्तपुर जगाती बस्ने २८ वर्षका शम्भु विश्वकर्मा रहेका छन् । यस्तै, सिन्धुपाल्चोक, मेलम्ची नगरपालिका ११ स्थायी घर भई हाल भक्तपुर गठ्ठाघर बस्ने २२ वर्षका राजेश चालिसे, दोलखाको कालिन्चोक गाउँपालिका ५ स्थायी घर भई हाल चाबहिल बस्ने २१ वर्षका सबिन पाण्डे र काठमाडौँ सिनामंगल स्थायी घर भई हाल भक्तपुर ठिमी बस्ने २० वर्षका प्रकाश कट्वाल रहेका छन् ।

# १० जनालाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार

■ **सौर्य समाचार**



काठमाडौँ । प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कारबाट विभिन्न क्षेत्रका व्यक्तित्वहरु पुरस्कृत भएका छन् । सरकारले 'राष्ट्रिय प्रजातन्त्र दिवस २०८१' का अवसरमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने प्रतिभाशाली व्यक्तिलाई पुरस्कार दिने घोषणा गरेको थियो । प्रधानमन्त्री ओलीसँगै राधिका शाक्य, उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्मान गरे ।

पुरस्कृत हुनेमा टेलिमेडिसिनतर्फ डा. छिरिङ लामा (सिन्धुपाल्चोक), विज्ञान प्रविधि नवप्रवर्तनतर्फ डा. विराजसिंह थापा (मोरङ), कीर्तिमानी पर्वतारोही पूर्णिमा श्रेष्ठ (गोरखा), विज्ञान प्रविधितर्फ डा. आभास मास्के (काठमाडौँ) र हरिराम श्रेष्ठ (गोरखा) रहेका छन् । यस्तै, चिकित्सा क्षेत्रतर्फ डा. ओममूर्ति अनिल (महोत्तरी), खेलकुदतर्फ सावित्रा भण्डारी साम्बा (लमजुङ), सम्पदा संरक्षणतर्फ रवीन्द्र पुरी (भक्तपुर), समाजसेवातर्फ दिलशोभा श्रेष्ठ (काठमाडौँ) र रामजी अधिकारी (गोरखा) पुरस्कृत भए । नवप्रवर्तन क्षेत्रका प्रतिभावान नागरिकलाई प्रोत्साहन गर्न १७ मंसिर, २०७५ को मन्त्रिपरिषद् बैठकले उक्त पुरस्कार स्थापना गर्ने निर्णय गरेको थियो । त्यसबेला प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोरिया सरकारबाट प्राप्त १ लाख अमेरिकी डलरमा नेपाल सरकारबाट सोही बराबरको रकम थप गरी पुरस्कार कोष स्थापना गरिएको थियो । उक्त कोषबाट प्रत्येक वर्ष २ जना प्रतिभालाई जनही ५ लाख रुपैयाँ राशिको पुरस्कार प्रदान गर्ने निर्णय भएको थियो । २०७६ सालमा पहिलो पटक २ विधाका ३ प्रतिभालाई पुरस्कार प्रदान गरिएकामा त्यसपश्चात् कोरोना महामारीका कारण पुरस्कार वितरण हुन सकेको थिएन । अहिले ५ वर्षको पुरस्कार एकैपटक प्रदान गरिएको हो । प्रधानमन्त्री ओलीले समाजमा सकारात्मक काम गर्नेलाई राज्य र समाजले सम्मान गर्नुपर्नेमा जोड दिए ।


**Vacancy Announcement**

Himadri Foods Pvt. Ltd., registered Office at Kathmandu District, Kathmandu Metropolitan City Ward No. 4, and Factory site situated at Bara District, Simara Gadhimai Municipality ward No. 5 seeking a high-caliber individual to fill the position of Executive Director, Global Finance and Marketing Expert.

**The preferred candidate must meet the following requirements:**

- Minimum Diploma degree from recognized institution
- Fluency in English and Bengali Languages (written and spoken) is an absolute requirements and having knowledge of Nepali Language will be preferred
- Proven ability of special jobs in the field of Management of Global Finance and Marketing in Multi National Company would be preferred

The deadline for the application is 7 (seven ) days from this publication. Applications received after this date will not be considered. Short listed candidates will be called for interviews. Interested candidates who believe they meet the above mentioned requirements are requested to send the application in English with CV to

**The manager,**
**Human Resource Department,**
**in the following Email Address**
himadrifoods111nepal@gmail.com


# स्तन र पाठेघरको मुखको क्यान्सरको नि:शुल्क परीक्षण गराउँदै काठमाडौँ महानगर

■ **सौर्य समाचार**

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले चैत १२ गतेदेखि प्रजनन उमेरका महिलाको स्तन र पाठेघरको मुखको क्यान्सर निःशुल्क परीक्षण र प्रारम्भिक उपचार थाल्ने भएको छ । स्वास्थ्य विभागले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसँगको सहकार्यमा २०८२ बैशाख १२ गतेसम्म परीक्षण र उपचार सञ्चालन गर्नेछ। गएको वर्ष गरिएको परीक्षणका क्रममा छुट भएका प्रजनन उमेरका महिला र गएको वर्ष परीक्षण गर्दा पोजेटिभ देखिएका महिला कार्यक्रमको लक्षित वर्गमा राखिएको छ ।

कार्यक्रमका फोकल पर्सन चन्द्रा भट्टका अनुसार 'परीक्षणमा जानुअघि आफू नजिकैको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा गएर विवरण टिपाउनु पर्छ । यसरी विवरण टिपाएपछि केन्द्रबाट रेफरल टिकट प्राप्त हुन्छ । यो टिकट लिएर वीर अस्पताल सर्जिकल भवनको भुइँ तलामा गएर जँचाउन सकिनेछ । स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट रेफरल स्लिप लिनु पर्नाको कारणबारे भट्टले भनिन्, 'स्वास्थ्य प्रवर्धन केन्द्रमा टिपिएका विवरण जाँच गर्ने ठाउँमा हेर्न सकिने भएकोले जँचाउने ठाउँमा नाम दर्ता गर्न लाइनमा बस्नु नपरोस्। जाँच प्रक्रिया सहज होस् भनेर आफू नजिकैको केन्द्रबाट नाम टिपाउने प्रबन्ध गरिएको हो ।'


**सडक डिभिजन चन्द्रनिगाहपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१।१२।०९**

यस कार्यालयको सूचना नं. RDCNP/०८१/८२-०४(Re) मिति २०८१।११।१५ मा bolpatra.gov.np/egp प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुको मुल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम मु.अ. कर र PS समेत |
|---|---|---|---|
| RDCNP/33701138/081/82-26(Re) | M/S Jay Maa Durge Construction, Haripur-2, Sarlahi | Road Improvement works with Asphalt Concrete along Nawalpur-Malangwa Road, Sarlahi | 23,42,049.30 |
| RDCNP/337310113/081/82-28(Re) | M/S Ankit Construction, Barahathwa, Sarlahi | Road Upgrading works along Kushum Chowk dekhi Bhagwati Baralko Ghar Samma Sadak Starunnati, Sarlahi | 30,96,051.92 |
| RDCNP/337310113/081/82-32(Re) | M/S Ankit Construction, Barahathwa, Sarlahi | Recurrent Maintenance works along Nawalpur-Malangwa Road, Sarlahi | 13,57,595.56 |

**डिभिजन प्रमुख**



**नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/०९**

यस कम्पनी २०८१/११/१९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **बागबजार क्यानेडिएन स्टडी सेन्टर प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/११/२६ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **बागबजार सि.एस.सि. ग्लोबल प्रा.लि.(२५६९१५)** कायम गरीयको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



**काठ/दाउरा लिलाम बिक्रीको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१।१२।०९)**

यस खयरसाल सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८१/८२ उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **साल गोलिया थान १६२ को ७२०.४७ क्यू.फिट, असना गोलिया थान ३० को ६०२.५८ क्यू.फिट, साल दाउरा ३ चट्टा र असना दाउरा ०.२५ चट्टा** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**खयरसाल सामुदायिक वन उपभोक्ता समूह**
**मध्यविन्दु नगरपालिका ११, खयरसाल, नवलपरासी (व.सु.पू.)**